काठमाडौँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

## मिति २०८० भाद्र ३१ गते बसेको बाइसौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

**प्रस्ताव नं. १. स्व. मुकुन्द रिजालको सम्मानमा शोक प्रस्ताव उपर छलफल गर्ने सम्वन्धमा ।**

**निर्णयः**

काठमाडौं महानरपालिका वडा नं. १६ का वडाध्यक्ष मुकुन्द रिजालको मिति २०८०/०५/२१ गते विहिबार उपचारको क्रममा ग्राण्डी अस्पताल काठमाडौँमा असामयिक निधन भएको छ । उहाँको निधनबाट हामीले एक होनाहार, स्पष्टवक्ता सहयात्री जनप्रतिनिधि गुमाउन पुगेका छौं । उहाँको निधनबाट काठमाडौं महानगरपालिकालाई अपुरणीय क्षति पुगेको महशुस गरेका छौं ।
विक्रम सम्वत् २०२७ साल कार्तिक १८ गते धादिङ्ग जिल्लाको खनियावासमा पिता मेघनाथ रिजाल र माता राधादेवी रिजालको पुत्ररत्नको रुपमा जन्मनु भएका उहाँ स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचनबाट काठमाडौं महानगरपालिका वडा नं. १६ को वडा अध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो । साथै यस अघि सम्पन्न २०७४ को स्थानीय तह निर्वाचनबाट समेत उहाँ सोही वडाको वडा अध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो ।
स्वर्गीय रिजाल राजनीतिसंगै सामाजिक र मानव अधिकारको क्षेत्रमा समेत क्रियाशिल हुनुहन्थ्यो । वियोगको यस घडिमा स्वर्गीय रिजालको आत्माको चीर शान्तिको कामना गर्दै पिता मेघनाथ, माता राधादेवी सहधर्मिणी कविता, छोराहरु सन्देश र सार्थक लगायत परिवारजनमा धैय धारण गर्ने शक्ति प्रदान होस भनी भगवानसँग प्रार्थना गर्दछौं ।

हामीसंगैको यात्रामा रहनु भएका स्व. रिजालले लिएको अठोट र सपना पुरा गर्ने दायित्व हाम्रो काँधमा आएको छ । उहाँको असामयिक निधनमा काठमाडौं महानगरपालिका नगर कार्यपालिकामा यो शोक प्रस्ताव प्रस्तुत गरिएको छ । साथै मिति २०८०/०५/२१ मा निर्णय भएको शोक विदा प्रस्तावको अनुमोदन गर्ने ।

**प्रस्ताव नं. २. स्व. मुकुन्द रिजालको स्वर्गारोहण भएको १३औं पुण्य तिथिमा श्रद्धान्जली सभा गर्ने सम्वन्धमा ।**

**निर्णय**

काठमाडौं महानगरपालिका वडा नं. १६ का वडाअध्यक्ष मुकुन्द रिजालको मिति २०८०/०५/२१ गते विहिबार असामयिक निधन भएको १३ औं पुण्य तिथिको दिन मिति २०८० असोज २ गते मंगलबार बिहान ९:०० बजे राष्ट्रिय सभागृहमा श्रद्धान्जली सभा गर्ने ।

**प्रस्ताव नं. १. स्व. मुकुन्द रिजालको सम्मानमा पारित गरिने शोक प्रस्ताव**

- काठमाडौं महानरपालिका वडा नं. १६ का वडाध्यक्ष मुकुन्द रिजालको मिति २०८०/०५/२१ गते विहिबार उपचारको क्रममा ग्राण्डी अस्पताल काठमाडौंमा असामयिक निधन भएको छ। उहाँको निधनबाट हामीले एक होनाहार, स्पष्टवक्ता सहयात्री जनप्रतिनिधि गुमाउन पुगेका छौं । उहाँको निधनबाट काठमाडौं महानगरपालिकालाई अपुरणीय क्षति पुगेको महशुस गरेका छौं ।
- विक्रम सम्वत् २०२७ साल कार्तिक १८ गते धादिङ्ग जिल्लाको खनियावासमा पिता मेघनाथ रिजाल र माता राधादेवी रिजालको पुत्ररत्नको रुपमा जन्मनु भएका उहाँ स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचनबाट काठमाडौं महानगरपालिका वडा नं. १६ को वडा अध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो । साथै यस अघि सम्पन्न २०७४ को स्थानीय तह निर्वाचनबाट समेत उहाँ सोही वडाको वडा अध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो ।
- स्वर्गिय रिजाल राजनीतिसंगै सामाजिक र मानव अधिकारको क्षेत्रमा समेत क्रियाशिल हुनुहन्थ्यो । वियोगको यस घडिमा स्वर्गीय रिजालको आत्माको चीर शान्तिको कामना गर्दै पिता मेघनाथ, माता राधादेवी सहधर्मिणी कविता, छोराहरु सन्देश र सार्थक लगायत परिवारजनमा धैय धारण गर्ने शक्ति प्रदान होस भनी भगवानसँग प्रार्थना गर्दछौं ।

हामीसंगैको यात्रामा रहनु भएका स्व. रिजालले लिएको अठोट र सपना पुरा गर्ने दायित्व हाम्रो काँधमा आएको छ । उहाँको असामयिक निधनमा काठमाडौं महानगरपालिका नगर कार्यपालिकामा यो शोक प्रस्ताव प्रस्तुत गरिएको छ ।

**प्रस्ताव नं. २. स्व. मुकुन्द रिजालको स्वर्गारोहण भएको १३ औं पुण्य तिथिमा श्रद्धान्जली सभा गर्ने सम्वन्धमा ।**

- काठमाडौं महानगरपालिका वडा नं. १६ का वडाअध्यक्ष मुकुन्द रिजालको मिति २०८०/०५/२१ गते विहिबार असामयिक निधन भएको १३ औं पुण्य तिथिको दिन मिति २०८० असोज २ गते मंगलबार दिनको ४:०० बजे राष्ट्रिय सभागृहमा श्रद्धान्जली सभा गर्ने ।

प्रस्ताव नं १ मिति २०८०/०५/२१ मा निर्णय भएको शोक विदा प्रस्तावको अनुमोदन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं २ काठमाडौँ महानगरपालिका राजश्व विभागबाट पेश हुन आएको तपशिल बमोजिमको कार्यविधि निर्माणको लागि सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

(क) राजश्व संकलन कार्यविधि, २०८०

(ख) राजश्व लक्ष्य निर्धारण कार्यविधि, २०८०

प्रस्ताव नं ३ काठमाडौँ महानगरपालिका शिक्षा विभागबाट (विधायन समितिबाट) पेश हुन आएको तपशिल बमोजिमको कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

(क) दरबन्दी मिलान तथा तह व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०

(ख) श्रोत शिक्षक नियुक्ति कार्यविधि, २०८०

प्रस्ताव नं ४ काठमाडौँ महानगरपालिका शिक्षा विभागबाट संचालन भएको ११ कक्षाको छात्रबृत्ति सिफारिस सम्वन्धी परीक्षाको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ५ काठमाडौँ महानगरपालिकामा नियुक्ती भई कार्यरत कानुनी सल्लाहकारहरुको म्याद थप गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ६ काठमाडौँ महानगरपालिका वडा नं. ३१ स्थित मिनभवन सेवा सदन क्रियापुत्री भवनको लागि रकम उपलब्ध गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ७ काठमाडौँ महानगरपालिकाको घटना दर्ता किताब Digitalization गरे वापतको कार्यका लागि श्री गुडविल मल्टी सप्लायर्स प्रा.लि.लाई भुक्तानि दिने सम्वन्धमा ।

प्रस्ताव नं ८ काठमाडौँ महानगर क्षेत्रभित्रका मर्मत, जिर्णोद्धार र पुनर्निर्माण आवश्यक भएका सम्पदाहरुको पुरातत्व विभागबाट प्राप्त भएको दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ९ काठमाडौँ महानगरपालिका वडा नं. ४ धुम्बाराहीस्थित तस्वाः देगः मन्दिर परिसरमा भएको निर्माण कार्यको म्याद गर्ने सम्वन्धमा ।

प्रस्ताव नं १० नगर प्रहरी उपरीक्षकलाई नगर प्रहरी वरिष्ठ उपरीक्षक पदमा बढुवा गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ११ विविध

(क) मिति २०८०/०५/१५ गते सापारु र रोपाइ जात्राको अवसरमा दिएको सार्वजनिक विदाको अनुमोदन गर्ने सम्वन्धमा ।

(ख) अनुगमन टोली परिचालन कार्यविधि, २०८० स्वीकृत गर्ने सम्वन्धमा ।

(ग) क्यान्सर पिडित बल बहादुर परियारलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।

.....................

बसन्त अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८०/०५/२७

नमस्कार,

मिति २०८० भाद्र ३१ गते आइतबार, बिहान ११:०० बजे, राष्ट्रिय सभागृहमा हुने, स्व. मुकुन्द रिजालको सम्मानमा शोक प्रस्ताव उपर छलफल गर्न काठमाडौँ महानगरपालिकाको २२ औं बैठक बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ ।

प्रमुखज्यूको सचिवालय
काठमाडौँ महानगरपालिका